# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# बाईसौं बैठक

आज मिति २०७५।०३।२० गते बुधवार दिउसो ११:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको वाईसौं बैठक नगरप्रमुख श्री डा. कृण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितिमा बसी प्रस्तावित विषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा व. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक व. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज व. खत्री, वडाध्यक्ष-४

श्री मोहितचौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामवावु प्रसादकलवार, वडाध्यक्ष-७

श्री रामवावु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री विनोद प्रसादयादव, वडाध्यक्ष-११

श्री लालवावु प्रसादचौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसादसिहँथारु, वडाध्यक्ष-१३

श्री रामशरण वर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदार नाथ वजगाई, वडाध्यक्ष- १६

श्री नवराजवहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाददाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण वहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर वहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवीचौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रान्यौपाने, कार्यपालिका सदस्य

श्री कमलचौधरी, कार्यपालिका सदस्य

श्री शिव कुमार कार्की – सचिव

<u>अन्य उपस्थिती</u>

श्री नवराज शर्मा, सि.डि.ई.

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री नविन गङतान लामा, शाखा अधिकृत

श्री वीरेन्द्र वाईवा,ना.सु.

**प्रस्तावहरु:**

**१. दोस्रो नगरसभा सम्बन्धमा ।**
**२. आ.व.२०७५/०७६ को बार्षिक बजेट सम्बन्धमा ।**
**३. नगर दर रेट सम्बन्धमा ।**
**४.बहुक्षेत्रीय पोषण कार्यक्रम सम्वन्धमा ।**
**५. सेवा करारमा नियुक्ती गर्ने सम्वन्धमा ।**
**६. सामाजिक परिचालकको सेवा अवधि सम्बन्धमा ।**
**७. विविध ।**

**निर्णय नं (१):** प्रस्ताव नं १ माथि छलफल गर्दा आगामी २०७५ आषाढ २२ गते आयोजना हुने दोस्रो नगरसभाको दोस्रो दिनको कार्यक्रमको तयारीको सम्वन्धमा बैठकलाई जानकारी गराइयो । दोस्रो नगरसभालाई सफल बनाउनका लागि आवश्यक तयारीलाई तिब्र बनाउने निर्णय गरियो ।

**निर्णय नं (२):** प्रस्ताव नं २ माथि छलफल गर्दा आगामी आ.व.२०७५/०७६ को बार्षिक बजेटको अन्तिम प्रतिवेदन सुझाव सहित पारीत गरियो ।

**निर्णय नं (३):** प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व.०७५/०७६ का लागि नगर स्तरीय दर रेट निर्धारण समितिबाट निर्णय भई आएको दर रेट स्वीकृतिको लागि नगरसभामा प्रस्तुतका लागि पेश गर्ने निर्णय गरयो ।

**निर्णय नं (४):** प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.०७५/०७६ मा यस जीतपुर्गसमरा उपमहानगरपालिकामा बहुक्षेत्रिय पोषण कार्यक्रम ५ वटा वडामा कार्यान्वयन गर्ने र प्राप्त केन्द्रिय बजेटमा उ.म.न.पा.बाट रु. ७ लाख ५० हजार थप गर्ने निर्णय गरियो ।

**निर्णय नं (५):** प्रस्ताव नं. ५ माथि छलफल गर्दा विगत ३ बर्ष देखि दैनिक ज्यालादारीमा कार्यरत तपसिलका कर्मचारीहरुलाई निजहरुको कार्यदक्षता र ईमान्दारीताको मूल्यांकन गर्दै आगामी श्रावण १ गते देखि लागू हुने गरि सेवा करारमा सम्झौता गरी नियुक्ती गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | कर्मचारीको नाम | कार्यरत पद | सेवा करारमा नियुक्त गर्ने पद | सेवा करार शुरु मिति |
|---|---|---|---|---|
| १ | ललिता जर्गा | कम्पुटर अपरेटर | कम्पुटर अपरेटर | २०७५ श्रावण १ देखि |
| २ | विर्जु घिसिङ्ग | सुपरभाईजर | सुपरभाईजर | |
| ३ | साह महमद | ह.स.चा. | ह.स.चा. | |
| ४ | अब्बास अन्सारी | ट्रिपर चालक | ट्रिपर चालक | |

**निर्णय नं (६)**: प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत सामाजिक परिचालकहरुको सेवा करार म्याद २०७५ आषाढ मसान्तमा समाप्त हुने भएकोमा निजहरुको कार्यकुशलता र उ.प.न.पा.को आवश्यक्ता समेतलाई मध्यनजर गरि निजहरुले खाईपाई आएको सेवा सुविधामा नघट्ने गरि २०७६ आषाढ मसान्त सम्म सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ विविध (क)**: प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व.२०७५/०७६ का लागि मालपोत कार्यालयबाट यस उपमहानगरपालिका अन्तर्गत विभिन्न क्षेत्रका लागि तोकिएको मूल्याङ्कनलाई नै कायम गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ७ विविध (ख)**: आपतकालमा महिला तथा वालवालिकाको व्यवस्थापन (Contigency Plan) बनाउने, कार्यक्रमको निर्णय गरी नगरपालिकामा पेश गर्ने कार्यका लागि सामाजिक विकास समितिलाई जिम्मा दिने र उक्त प्रयोजनका लागि सदस्य सचिवको रुपमा स्वास्थ्य शाखा प्रमुखले कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ विविध (ग)**: वडा कार्यालयमा कार्यरत कार्यलय सहयोगीहरुको हाल मासिक रु.५ हजार निर्वाह भत्ता दिईएकोमा २०७५ श्रावण १ देखि मासिक रु.९ हजार कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ विविध (घ)**: नगरसभामा बजेट प्रस्तुत गर्नु हुने नगर उपप्रमुखलाई प्रथम नगरसभा तथा दोश्रो नगरसभा बापत एकमुष्ठ रु.१ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७ विविध (ङ)**: प्रथम तथा दोश्रो नगरसभा सफल बनाउन अहोरात्र खटिने कर्मचारीहरुलाई नगरसभामा खटिइए बापत प्रति नगरसभा निजहरुले खाईपाई आएको १ महिनाको तलव स्केल बराबरको प्रोत्साहन भत्ता तथा बाँकी कर्मचारीहरुलाई ७ दिनको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७ विविध (च)**: जीतपुरबजार क्षेत्रको विभिन्न स्थानहरुमा सि.सि.टि.भी. जडान गरे बापत भुक्तानी हुन बाँकी रकम सम्झौताको शर्त बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७ विविध (छ)**: वडा कार्यालय संचालनका लागि घर भाडामा दिन प्राप्त निवेदनहरु मध्ये सबै भन्दा कम कबोल गर्ने तपशिलका वडा कार्यालयहरुको घरभाडा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नम्बर | घर भाडा दर रु. | लागू हुने मिति |
|---|---|---|---|
| १ | २४ | ६०००।०० | २०७४ कार्तिक १ देखि |
| २ | ४ | ८५००।०० | २०७४ फागुन देखि |
| ३ | १६ | ६१००।०० | २०७४ चैत्र देखि |